# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ११ साउन २०८०
# बिहीवार
# बैठक सङ्ख्या- ३२

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:५६ बजे प्रारम्भ भयो ।

(१२:०९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१२:१० बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव म सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१२:१० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले प्रस्तुत गर्नुभएको "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकउपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषङ्गिक दफाहरूमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिने कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१२:१२ बजे) **<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१२:१३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल साउन १८ गते बिहीवार १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल साउन १८ गते बिहीवार १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १२:१३ बजे ।**